ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १-२ मंसीर, २०६४, प्रणवानन्द आश्रम, कुमारीगाल, काठमाडौं

प्रस्ताव क्रमाङ्क-१

### शिक्षा र सरकारी शिक्षानीतिमा संक्रमणकालीन अवस्थाको प्रभाव

देशको सर्वाङ्गिण विकासमा अन्य आयामहरूभन्दा शिक्षा क्षेत्रले बढी विशिष्टता राख्दछ । यसका लागि देशको सामाजिक एवं सांस्कृतिक पक्षलाई दह्रो बनाइराख्ने समयानुकूल शिक्षा प्रणाली अवलम्बन गरिनुपर्दछ । देशको सार्वभौम अधिकार सम्पूर्ण नागरिकमा हुँदाहुँदै पनि आवश्यक शैक्षिक अनुसन्धान, मुल्यांकन र समयानुकूल परिवर्तनको पहलमा प्रतिभाशाली एवं चिन्तनशील नागरिकको अझ ठूलो भूमिका हुन्छ ।

२०६२/६३ को जनआन्दोलनपछि शिक्षा क्षेत्र विभिन्न राजनीतिक दल, तराई एवं पहाडका विभिन्न संघ, संगठनहरूद्वारा प्रायोजित विभिन्न आन्दोलन एवं हड्तालका कारण संक्रमणकालीन समयमा शिक्षा क्षेत्रले तराईमा ठूलो मार खेप्नु परेको छ । विद्यालयका शिक्षकको हत्या हुनु, विभिन्न माँगहरू पूरा गराउनका लागि भन्दै पटक पटक विद्यालयहरूको पठन पाठन अवरूद्ध पारिनु आदिले शिक्षाको अवसरबाट बल्लतल्ल केही लाभ लिन थालेको समाज एवं समुदायमा ठूलो असर पारेको छ । साथै बारम्बार स्कुले विद्यार्थी अपहरण गर्ने क्रम संक्रमणकालमा अत्यन्तै बढेको छ तर सरकारले अपराधीलाई खासै कारवाही गर्ने र त्यस्ता कामप्रति निरूत्साहित गर्ने काम गर्न सकेको छैन । यसैले यत्रो आठ दलको गठबन्धन भएको अन्तरिम सरकारले विकासको सबैभन्दा ठूलो आधार शिक्षालाई शान्ति क्षेत्र बनाउन सकेको पाइएन उल्टै यसलाई आ-आफ्नो राजनीतिक भागवण्डाको थलो बनाइयो । यसप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ ।

शिक्षा क्षेत्र रेक्टर, विभिन्न विश्वविद्यालयमा उपकुलपति नियुक्त गर्ने, समावेशीकरण जस्ता मुद्दाहरूमा अल्झिन पुग्यो । तर आठ दलको नेपाल सरकारले पार्टीगत स्वार्थबाट शिक्षा क्षेत्रलाई मुक्त राख्न सकेनन् जसको परिणामस्वरूप त्रिभुवन विश्वविद्यालयको परीक्षाफल नौ-दश (९-१०) महिना बित्दा पनि ननिस्कनु, विश्वविद्यालयमा रजिष्ट्रार, रेक्टर, उपकुलपति नियुक्ति ढिलो हुनु आदि नरमाइला समाचारले यूवा विद्यार्थी एवं शिक्षाप्रेमीलाई निरूत्साहित गर्ने काम  गऱ्यो । यसरी हुने राजनीतिक हस्तक्षेपले शिक्षा क्षेत्रको विकासक्रम र गुणस्तरलाई राम्रो गराउन सक्दैन भन्नेमा प्राज्ञिक विद्यार्थी परिषद, नेपाल विश्वस्त छ । साथै अहिले देशमा राष्ट्रवादी शिक्षाको चर्चा चलिरहेको छ । माओवादीले आफ्नो जनवादी शिक्षालाई राष्ट्रवादी शिक्षा भन्ने, राजाले राष्ट्रवादी शिक्षाका नाममा आफ्ना तस्वीर राख्ने तथा राजनीतिक पार्टीले आफ्नो सत्ताको पृष्टपोषण गर्ने शिक्षालाई राष्ट्रवादी शिक्षा भन्ने गरेको पाइएको छ । तसर्थ यसलाई सम्पूर्ण प्राज्ञिक तथा बुद्धिजीवी क्षेत्र र शिक्षा जगत्मा व्यापक रूपमा छलफल, चर्चा एवं बहसको विषय बनाइनु पर्दछ । साथै वास्तवमा राष्ट्रवादी/देशभक्ति शिक्षा भनेको के हो ? के देशमा सधैं राष्ट्रवादी/देशभक्ति शिक्षाको खाँचो रहिरहदैन र ? के यसको टड्कारो आवश्यकता देखिएको छैन र ? आदि विषयहरूमा छलफल गरी राष्ट्रवादी शिक्षाको खाका तयार गरिनु पर्दछ भन्ने माग परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठकले राख्दछ ।

सधैंजस्तो योजना एवं बजेट मार्फत मीठा सपना बाँड्ने काम यसपालि नेपाल सरकारले पनि गरेको छ । २०६४/६५ को शिक्षा बजेट कुल बजेटको लगभग १७ प्रतिशत मात्र छ जुन अझै पनि समुन्नत नेपालको निर्माण गर्नका लागि न्यून छ । एकातिर बजेटमा शिक्षित यूवावर्गलाई विकास प्रक्रियामा सहभागी गराउन स्नातकोत्तर उत्तीर्ण गरेका विद्यार्थीलाई राष्ट्रिय स्वयंसेवकका रूपमा विद्यालयमा अध्यापन गर्न प्रोत्साहन गर्ने मीठो सपना बेरोजगार शिक्षित यूवामाझ बाँडिएको छ भने अर्कोतिर दरबन्दी भएपनि पढाउन नजाने तर तलब खाने शिक्षकहरू प्रति कारवाही गर्ने अठोट नगर्नु, क्याम्पसका प्रोफेसर (Professor)का नाम बेची चलेका निजी कलेजमा अस्थायी शिक्षण गर्ने तर जिम्मेवारी बहन नगर्ने प्राध्यापकहरूका कारणले पढाउन नपाइ बेरोजगार बस्नु परेको जस्ता यूवा विद्यार्थीको समस्या नबुझ्नु, स्पष्ट नीति नियम बनाउने प्रयत्न नगर्नु, शिक्षित वर्गको लागि दुर्भाग्य हो । त्यसैले निजी क्याम्पस, उच्च मा.वि. मा भइरहेका गतिविधीको निरीक्षण तथा अधिकतम यूवाले निजी क्षेत्रका प्लस टु मा,

उच्च मा.वि.मा, कलेजमा रोजगारको अवसर पाउनु पर्ने र सरकारी दरबन्दीमा रहेका प्राध्यापकहरूले निजी क्याम्पसहरूमा पढाउन नमिल्ने निमय कानून बनाउन यो बैठक जोडदार माग गर्दछ ।

आ.व.०६४/६५ को बजेट वक्तव्य बुँदा नं. १४० मा उल्लेख गरिएको "मदरसा, गुम्बा, गुरूकुललाई प्राथमिक शिक्षाको मूल प्रवाहमा समायोजन गर्ने कार्यलाई निरन्तरता दिँदै निम्न माध्यमिक तथा माध्यमिक तहसम्म विस्तार गरिनेछ " नीति अत्यन्तै प्रशंसनीय छ । तर मदरसा एवं अन्यलाई समय समयमा निरीक्षण गरी कति सम्बन्धित निकायमा दर्ता भए, दर्ता किन भएनन्, कस्तो किसिमको पाठ्यक्रम पढाइन्छ पूरा अनुसन्धान गरिनु पर्दछ र तथ्य बाहिर ल्याउनुपर्छ । मदरसालाई दर्ता गरी अनुदान दिने नीतिको परिषद् स्वागत गर्दछ । तर आजसम्म कति दर्ता भए, दर्ता नभएकाले पनि अनुदान पाएका छन् छैनन्, कस्तो पाठ्यक्रम पढाइन्छ ती सब सार्वजनिक गरिनुपर्दछ र समय समयमा निरीक्षण गरिनुपर्दछ भन्ने माग पनि यसै बैठकले राख्दछ । साथै केही मदरसाहरू अन्य देशमा जस्तो आतंककारी गतिविधि संचालन गर्ने प्रमुख आधार नबनुन् भनी प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक सरकार, नेता एवं बुद्धिजीवी वर्गलाई सचेत गराउन चाहन्छ ।

साथै त्रिवर्षीय अन्तरिम योजनाले शिक्षा क्षेत्रमा अपनाएका रणनीतिहरू जस्तै एक गाउँ कम्तीमा एक विद्यालयको अवधारणा, विश्व विद्यालय खोल्न प्रोत्साहन प्रदान गर्ने, निजी क्षेत्रले न्यूनतम २५ प्रतिशत छात्रवृत्ति विपन्न छात्र छात्रालाई दिनुपर्ने व्यवस्था गरिने, बालबालिकालाई मातृभाषाका माध्यमबाट शिक्षा दिनुका साथै त्रैमासिक नीति अवलम्बन गर्ने नीतिहरू प्रशंसनीय छन् तर कार्यान्वयन कसरी हुन्छन् हेर्न बाँकी छ । स्थानीय भाषामा केही विषय पढाइ हुनु भाषाको सम्वर्द्धन हुनुको साथ साथै स्थानीय स्तरमा शिक्षा ग्रहण गर्ने स्थानीय बालबालिकाले छिटो बुझ्न सक्ने वातावरण सिर्जना गर्नु हो । तर बालबालिकालाई मातृभाषाका माध्यमबाट शिक्षा दिँदा त्यो राष्ट्रहित अनुकूलको हुनुपर्दछ भन्ने मान्यता यो केन्द्रीय कार्यकारिणी समितिको बैठकले राख्दछ ।

अहिलेसम्म नेपाली शिक्षाप्रेमीले धेरै शिक्षा दिवसका विभिन्न आदर्श वाक्यहरू/नाराहरू (जस्तै २०५० सालको नारा : शिक्षाको विस्तार-विकासको आधार, २०५३ को नारा : लगनशील विद्यार्थी, समर्पित शिक्षक, स्तरयुक्त शिक्षा, आजको आवश्यकता आदि आदि) सुनिसके तर यथार्थमा कार्यान्वयन भएको पाइएन । जनआन्दोलन पछि बनेको नेपाल सरकारले पनि २०६४ सालको शिक्षा दिवसको नारा " लोकतान्त्रिक नेपालको आवश्यकता, समावेशी र गुणात्मक शिक्षा" राखेको छ । यस नारामा भनेजस्तै शिक्षा क्षेत्रमा सुधार होस् भन्ने शुभकामना यस केन्द्रीय कार्यकारिणी समितिको बैठकले दिन चाहन्छ साथै के पनि माग राख्दछ भने समावेशी र गुणात्मक शिक्षा राष्ट्रिय स्वतन्त्रता, अखण्डता, सामाजिक तथा सांस्कृतिक धरोहर कायम राख्दै राष्ट्र पुनः निर्माणमा अमूल्य साधन बन्न सकोस् ।

अन्तमा विभिन्न स्तरहरूका पाठ्यक्रममा रहेका विषयगत GAP लाई समायोजन गर्न, नयाँ युगका नयाँ र राष्ट्रसम्मत विषयहरू समाविष्ट गर्न र शिक्षालाई रोजगारमुखी बनाई देशीय जनस्रोतलाई बहिर्गमनबाट रोक्नका लागि सबै तहहरूको पाठ्यक्रमको पुनर्मूल्याङ्कन गरी समयानुकूल सुधाार गरिनु आवश्यक छ भन्ने ठहर यस प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठकको रहेको छ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक
## १-२ मंसीर, २०६४ काठमाडौँ

**प्रस्ताव क्रमाङ्क-२**

## देशको वर्तमान परिदृश्य र सरकारको भूमिका

हामी इतिहासको अत्यन्तै संक्रमणकालीन स्थितिमा छौं । देश जलिरहेको छ, प्राय प्रत्येक दिन हामीले देख्न र सुन्न नचाहेका घटनाहरू घटिरहेका छन् । भदौ ३० गते मोहित खाँको हत्यापछि कपिलवस्तुमा घटेको निर्शंस हत्या र यस्तो कुकृत्य घटनाले न्यायप्रेमी नेपाली जनतालाई मात्र होइन सम्पूर्ण मानवजातिलाई नै स्तब्ध बनाएको छ । उक्त घटनामा सयौं मानिसको ज्यान गयो, हजारौं घरमा तोडफोड र आगजनी भयो, उद्योगहरूमा भएको आगजनीबाट अरबौंको सम्पत्ति क्षति भयो, सयौं बेपत्ता भए हजारौं मानिसहरू विस्थापित भए, कैंयौं महिलाहरू बलात्कारको सिकार भए, जिँउदै जलाएर मारिए, आफ्ना आँखाका अगाडि आमा, छोरी चेली र बुहारीहरू बलात्कृत भए तथा गुप्ताङ्गमा छुरी घोपेर मारिने जस्ता कुकार्य पनि भए । यस्ता बर्बर घटनालई कुनै पनि सभ्य समाजले स्वीकार्न सक्दैन । उक्त घटना नेपालको इतिहासमा अत्यन्तै दु:खदायी भएको छ र नेपाली जनताको बीचमा फाटो ल्याउने गम्भीर षड्यन्त्र भएको हुनु पर्दछ । यति हुँदा पनि सरकार र सुरक्षा निकाय मूकदर्शक रहनुले सरकारी निकायको निरीहता र गैरजिम्मेवारीपन छर्लङ्ग भएको देखिन्छ । सरकारले सुरक्षा दिनुको सट्टा उल्टै प्रहरी र प्रशासन मिलेर नेपाली जनतालाई पक्रिएर योङ्ग कम्युनिष्ट लिग (Y.C.L.) लाई जिम्मा लाउने र सीमापारीबाट सयकडौंको संख्यामा आएका मुश्लिमले यस्तो ताण्डव मच्चाँउदासम्म सरकार मौन रहनुल सरकारको औचित्यमाथि नै प्रश्न चिन्ह खडा गरेको छ । मोहित खाँको हत्या नेकपा माओवादील गरेको पुष्टि भईसकेको छ ।

मुश्लिमहरूले यस्तो कुकृत्य कार्य गर्दा पनि माओवादी लगायत कुनैपनि राजनीतिक पार्टी, संघ-संस्था, मानव अधिकारकर्मी र सरकारले मुश्लिम आतिवादीहरूले यो घटना गरेको हो भनी वक्तव्य निकालेनन् । तर पूर्वी तराईका केही राजनीतिक घटनालई चाँहि अतिवादी हिन्दूहरूको चलखेल छ भनी आरोप लगाउनुले सरकारको हिन्दू विरोधी मानसिकता र फुटाउ अनि राज गर भन्ने नीति छर्लङ्ग भएको छ । नेपालगञ्जको घटना, गौर घटना र पूर्वी तराइमा भएका केही criminal घटना र दिनहुँको आन्दोलनले देशलाई अस्तव्यस्त बनाएको छ ।

बेरोजगारी असुरक्षा र आकाश छुने महंगीले नेपाली जनताको जीवन झनै कष्टकर हुँदै गइरहेको छ । सर्वसाधारणले पहाडका जिल्लाहरूमा टुकी बाल्नलाई प्रयोग गर्ने मट्टीतेलको भाउलाई प्रति लिटर रू. ५१ पुऱ्याएर फेरी नेपाली जनतालाई उही तेह्रौं शताब्दीमा ढोड (मकैको डाँठ) बालेर पढ्ने स्थितिमा पुऱ्याइएको छ । जनता र जनताका बीचमा छौं भनी जनताको नाम रट्ने, गरीब र किसानहरूको मुक्तिदाता हौं भन्ने र भूमिहीन तथा मजदुर र सर्वहाराको नेतृत्व गर्छौं भन्नेले दिवास्वप्न बाँडेर नेपाली जनतालाई छक्याएको प्रष्ट भैसकेको छ । यसले गर्दा सर्वसाधारण नेपाली जनता सबैखाले कठिनाइको तीतो अनुभव संगालेर बसिरहेका छन् । प्रत्येक दिनको बन्द र हड्ताल, सडक अवरोध, आवत-जावतमा कठिनाई, जुनसुकै कारणमा पनि सडक बन्द गर्ने र चन्दा असुल्ने कार्यले जनतालाई त्रस्त बनाएको छ । उजुरी गर्ने ठाउँ नहुँदा सरकारले दोषीलाई कारवाही नगर्दा र सरकारको कुनैपनि उपयुक्त संयन्त्र नहुँदा जनतामा दिनदिनै वितृष्णा नैराश्यता र असुरक्षाको भावना तीव्ररूपमा फैलिदैं गइरहेको छ ।

वर्तमान अवस्थाालाई हेर्दा र विश्लेषण गर्दा भविष्य आशातित बाटोमा अगाडि बढेको पाइराखिएको छैन । लामो समयदेखि निरंकुश शासन प्रणलीको कारण प्रजातान्त्रिक अभ्यासमा पनि अपेक्षित परिणामहरू आउन सकेनन् । १०-१२ वर्षको प्रजातान्त्रिक अभ्यासलाई पनि फल्न र फूल्न नदिने दरबारीया शक्तिहरू र प्रजातनत्रका नाममा डम्फु पिट्नेहरूले पनि शासन व्यवस्थालाई चुस्त-दुरूस्त बनाउन नसक्दा, सरकारमा नआएको स्थायित्व र राजनीतिक दाऊपेच, खिचातानी, कुर्सीको लडाईले गर्दा साथै पाँच वर्षै नपुगी बारम्बार चुनाव हुनु, महीनौं सम्म संसद् चल्न नदिनु, कार्यपालिका, न्यायपालिका, शिक्षा क्षेत्र, सञ्चार जगत् समेत सम्पूर्ण क्षेत्रलाई राजनीतिक भागवण्डाको थलो बनाउँदा यो स्थितिको सिर्जना हुन गएको हो ।

१० वर्षको सशस्त्र द्वन्द्वरत माओवादी पक्षलाई प्रजातान्त्रिक प्रक्रियाको अभ्यासमा ल्याउनु प्रजातात्रिक दलहरूले गरेको कार्य अति नै सरहानीय र स्वागतयोग्य कदम हो । यसले विश्व समुदायमा नेपाली जनता र प्रजातान्त्रिक दलहरूको प्रजातन्त्र प्रतिको प्रतिबद्धता, दूरदर्शिता, उदारता र वार्ता एवं सम्वादबाट नै कुनै पनि समस्याको निदान हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ । एउटा निरंकुशता अन्त्य गरिनसक्दै

उग्रबामपन्थीहरूको अधिनायकवाद हावी हुन गएको देखिदैछ । दिल्लीमा भएको बाह्रबुँदे समभ्रदारीले सडकमा उतार्‍यो र १९ दिने शान्तिपूर्ण आन्दोलनमा नेपाली आमाका २१ जना वीर सपूतहरूले शाहदत प्राप्त गरी लोकतन्त्र स्थापनाका लागि अमर शहीद बने । जसले गर्दा राजाको निरंकुशतालाई ढालि सत्तालाई प्रजातन्त्र र लोकतन्त्र स्थायित्वका लागि जनताले दलहरूको हातमा सुम्पिदिए तर एक वर्षको अन्तरालमै जनताले दिएको म्यान्डेट संविधान सभाको निर्वाचन गर्न नचाहनु, सडक र आन्दोलनबाट नउठेको नारा र विषयलाई ल्याई राज्यलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्नुले लोकतन्त्रलाई कमजोर बनाई सत्ता आफ्नो हातमा लिने उग्रंबामपन्थीहरूको अन्तर्निहित स्वार्थ स्पष्टरूपमा नेपाली जनताले देख्न थालेका छन् । त्यसैले लोकतन्त्रमा विश्वास गर्ने लोकतन्त्रको नेतृत्व गर्ने समूह विस्तारै कमजोर हुँदै जानुले देशको भविष्य पुनः निरंकुशतातिर अगाडि बढेको हो कि भन्ने डर प्रजातन्त्र प्रति आस्थावान् बहुमत जनताहरूमा पाईन थालेको छ ।

नेपाली जनताले लोकतन्त्रको लागि गरेको १९ दिने जनआन्दोलन पश्चात् बनेको लोकतान्त्रिक सरकारले जनताको अपेक्षा पूरा गर्न सकेन । पुनः जनतालाई दुःख, पीडा, डर, त्रास र अशान्ति मात्र दिने काम भयो, देशमा वर्गीय, जातिय आन्दोलनको वीजारोपण गरेको उग्र कम्युनिष्टहरूले त्यसलाई गोडमेल गरेर हुर्काउने कार्य मात्र गरे, त्यसैले देशमा जातीय द्वन्द्वहरू बढ्दै गए जसको कारण नेपाली जनताले एक आपसमा नै द्वन्द्व गर्नुपर्ने स्थितिको निर्माण भएको छ । जनतालाई फुटाउ अनि राज गर भन्ने निरंकुशतावादी र संकुचित विचार भएकाहरूको गिद्दे हेराई र निकृष्ट सोचाइबाट देश अगाडि बढिरहेको छ । विदेशी शक्तिहरू पूर्णरूपमा देशको आन्तरिक विषयमा बोल्न थालेका छन् । हेर्दा लाग्छ नेपालको सरकार बाहिर नै भएजस्तो र हरेक स-साना विषयमा विदेशी शक्तिकेन्द्रहरूको मुख ताक्ने उनीहरूले मुख ताक्ने र उनीहरूले के भन्छन् भन्ने परनिर्भरताले स्वाभिमान गुमाएको छ ।

जनताको नाम बेचेर बाह्य शक्तिको इच्छापूर्तिको लागि गरिने राजनीतिले देशलाई कहाँ पुर्‍याउने हो भन्ने विषयमा अब वैचारिक चिन्तनको आवश्यकता महशुस गरिएको छ । एकातिर लोकतन्त्रको हल्ला मच्चाउते र अर्कोतर्फ अझैपनि प्रत्येक गाउँदेखि शहरसम्म डर, धम्कि, लुटपाट ,हत्या र बलात्कारका घटनाहरू दिनदिनै बढ्दै गइरहेका छन् । देश अत्यन्तै अनियन्त्रित अवस्थाबाट गुज्रिरहेको छ । तराईका केही जिल्लाहरूमा पहाडबासी र तराईबासीहरूको बिचमा वैमनस्यता बढाउने र देशमा अस्थिरता बढाउने ठूलै षड्यन्त्र भइरहेको छ । त्यसैले प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक देशको शान्ति, सुरक्षामा खलल पुर्‍याउने, अस्थिरता बढाउने एवं कुनै पनि प्रकारको निरंकुशता चाहने निरंकुशतालाई बढावा दिने षड्यन्त्रकारीहरूको घोर विरोध गर्दछ ।

प्रतिकूलता र अस्थिरताले देशलाई अस्तव्यस्त पारेको वर्तमान अवस्थामा अर्को निरंकुशता आउने प्रवल सम्भावना देखिन्छ । त्यसैले हामीजस्तो स्वतन्त्र संस्थाहको भूमिकाले प्रमुखता पाउनु स्वभाविक हो । भन्ने गरिन्छ खरा मानिसरूको सक्रियताभन्दा असल व्यक्तिहरू र चिन्तनशील समूहको निष्क्रियता देशको लागि खतरापूर्ण र दुर्भाग्य हुन्छ । त्यसैले एउटा बौद्धिक समुशको सक्रियता बढ्नु वर्तमानको स्वभाविक आवश्यकता हो ।

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक देशको संक्रमणकालीन स्थितिमा सरकारले खेल्नुपर्ने भूमिकाका बारेमा साथै जनताले अपेक्षा गरेको सुरक्षा, विकास, अमनचयन कायम गर्न र नेपाली जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउन निम्न मागहरू सरकार समक्ष प्रस्तुत गर्दछ ।

१. नेपालीको राष्ट्रियतामाथि नै प्रश्न चिन्ह हुने गरी गौर, कपिलवस्तु नेपालगञ्जमा घटना घट्दा, नेपालको राष्ट्रिय भ्रूण्डा जलाईँदा पनि कोही कसैलाई कारवाही नगर्नुले अपराधिक र आतङ्कारी गतिविधिमा विश्वास गर्नेलाई थप हौसला मिलेको छ त्यसैले यस्ता घटनाका दोषीलाई पत्ता लगाई तत्काल कारवाहीको प्रक्रिया बढाउन सरकारले तदारुकता देखाउनु पर्दछ । साथै तराईका केही जिल्लाहरूमा तराई र पहाडको बिचमा फुट ल्याई देशलाई गृहयुद्धतर्फ लगी फाइदा लिन खोज्नेहरूको पहिचान गरी नियन्त्रण गर्न एउटा विशेष निकायबाट अध्ययन गरी कारवाही अगाडि बढाउने र सरकारको भूमिका एवं जिम्मेवारी बढाई सुरक्षाको प्रत्याभूति गराउने ।

२. देशमा केही तथाकथित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संकुचित विचारबाट ग्रस्त समूहले जातीयताको अनावश्यक विषयलाई उठान गरी देशलाई विखण्डन गर्न चाहने कार्यले प्रमुखता पाउन थालेको वर्तमान स्थितिमा त्यस्ता तत्वहरूको तत्काल छानविन गरी नियन्त्रण र कारवाही गरी निरूत्साहितत पार्नुपर्ने ।

३. एकातिर नेपाली परम्परा र सांस्कृतिक धरोहरलाई बुर्जुवा भन्ने, अतिवादी हिन्दू-सामन्ती ब्राह्मणवाद भन्दै विरोध गर्ने, पुरानो धार्मिक एवं सांस्कृतिक परम्परालाई हामी मान्दैनौ र यस परम्परालाई तोड्ने प्रक्रियामा छौँ भन्ने, दशैंमा टीका लगाउँदा भौतिकवादी विचारसंग बाफिन्छ भन्ने र प्रेस विज्ञप्ती जारी गर्ने तर अर्कोतिर मनकामना मन्दिरमा दर्शन गर्न जाने, विजयको प्रतीक टीका लगाउने, दशैमा माओवादी कार्यालयमा औपचारिकरूपमा खसी काटी मासु खाने र तिहारमा सबैभन्दा धेरै देउसी-भैलो खेलेर अत्याधिक आर्थिक संग्रह गर्ने र देउसी भैलोको सार्वजनिक कार्यक्रममा धन्यवाद दिन जाने कार्यले माओवादीको दोहोरो पर्दाफास भएको छ । त्यसैले यस्ता द्वैध चरित्रभएका पार्टीहरूबाट नेपाली सजग हुनुपर्ने ।

४.स्वतन्त्ररूपमा कार्यरत संगठनहरूलाई राष्ट्रले विशेष जिम्मेवारी दिई विभिन्न आमाय जस्तै अनुसन्धान, विश्लेषण, अनुगमन, प्रकाशन, लेखन आदि विषयमा सहकार्य गर्नतर्फ योजना बनाउनु पर्ने ।

५. संक्रमणकालीन अवस्थामा केही अन्तर्राष्ट्रिय शक्ति  राष्ट्रहरूले आफ्नो कुटनीतिक मर्यादालाई नाँघेर अभिव्यक्ति दिने काम तीव्ररूपमा बढिरहेको अवस्थामा नेपाल सरकार मौन रहनु राम्रो होइन । यसले दीर्घकालीनरूपमा देशलाई परनिर्भरतातिर धकेली अस्तित्वलाई नै कमजोर पार्ने हुँदा अन्तर्राष्ट्रिय कुटनीतिक मर्यादा कायम राख्नतर्फ सरकारले तुरून्त ध्यान दिनुपर्ने ।

६. पहिचान (Idenity) का लागि कुनै पनि नेपालीले लडाई गर्न नपरोस् । नागरिकताका लागि सिंहदरबार अगाडि नाङ्गै नाच्नुपर्ने (बादी महिला) स्थितिको सिर्जना हुनु र त्यसपछि मात्र नागरिकता दिने निर्णय हुनु नेपाल सरकारका लागि एक लज्जास्पद कुरा हो । त्यसैले यस्ता घटना भविष्यमा  दोहोरिन नदिन तर्फ कदम चालिनु पर्दछ । आफ्ना जनतालाई नागरिकता प्रदान गर्नको लागि पनि समय कुर्नुपर्ने, आयोग गठन गर्नुपर्ने र त्यसलाई राष्ट्रिय चर्चाको विषय बनाउने लोकतान्त्रिक सरकारको नीति हुनु हुँदैन । त्यसैले भविष्यमा यस्ता, घटनाहरू नघटुन् भन्नेतर्फ सरकारले गम्भीर ध्यानाकर्षण गर्नुपर्ने साथै कुनै पनि नेपालीले म तराई, पहाड, हिमाल र मधेसको हुँ भन्नुको सट्टा म नेपाली हुँ भनी गर्व गर्नसक्ने राजनीतिक वातावरणको निर्माण गर्नु पर्ने ।

७. कुनैपनि प्रजातान्त्रिक शासनप्रणाली भएको राष्ट्रमा सरकारी निकायको भूमिका विवादास्पद हुनु, सरकारी बोलीमा एकरूपमा नहुनुले जनतामा अविश्वास बढ्दै जानेछ र प्रतिक्रियावादीहरूले आफूलाई सक्रिय बनाउन स्थान पाउने छन् । त्यसैले सरकारी बोलीमा एकरूपमा हुनुपर्ने ।

८. दश बर्षसम्म सशस्त्र संघर्षरत माओवादीलाई सरकारमा प्रजातान्त्रिक प्रक्रियाको अभ्यास गराँउदै पुन : सरकारमा सामेल गराई अन्योलका वातावरण कम गराउन तत्काल प्रायस थाल्नुपर्ने साथै संविधानसभाको मिति चाँडो भन्दा चाँडो तोकी संविधानसभाको चुनाव सम्पन्न गरी देशमा स्थायी शान्ति  लोकतन्त्रलाई संस्थापन गर्नुपर्ने बाटोमा अतिशीघ्र लाग्नुपर्ने ।

९. राष्ट्रको चौथो अंगको रूपमा रहेको पत्रकारिता जगतमा भएका गम्भीर आक्रमण, पत्रकार वीरेन्द्र शाहको हत्या, जन-आन्दोलनका कममा प्रमुख भूमिका खेलेका सञ्चार माध्यमहरूमाथि गरिएको निकृष्ट किसिमको आक्रमण, अपहरण, धम्की लोकतान्त्रिक सरकारको लागि लाजमर्दो विषय भएकोले त्यस्ता अतिवादी निरंकुश व्यवहारहरूलाई नियन्त्रण गर्न तत्काल सरकारले कदम चाल्नुपर्ने ।

१०.सम्पूर्ण जनताको दैनिक उपभोग्य सामग्रीहरू जस्तै ग्याँस, मट्टीतेल, डिजल र पेट्रोलमा भएको अत्याधिक मूल्यवृद्धिले नेपाली जनतामा लोकतान्त्रिक सरकारप्रति नैराश्यता बढाएको छ । त्यसैले त्यसतर्फ सरकारले विशेष योजना बनाई विद्यार्थी, कर्मचारी, पत्रकार र सर्वसाधरणका लागि विशेष कोटा प्रणालीमार्फत् सहुलियत तुरून्त प्रदान गर्नुपर्ने । साथै मूल्यवृद्धि, महंगी र कालोबजारीलाई नियन्त्रण गर्नुपर्ने ।

उर्पयुक्त मागहरू नेपाली जनता र नेपाल राष्ट्रको वर्तमान  भविष्यसंग सरोकार राख्ने महत्वपूर्ण विषय भएकोले सम्पूर्ण मागहरूमाथि सरकारले गम्भीररूपमा चिन्तन गर्नुका साथै व्यापकरूपमा गृहकार्य गरी अगाडि बढ्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १-२ मंसीर, २०६४,काठमाडौं

**प्रस्ताव क्रमाङ्क-३**

## संविधानसभा र संघीय प्रणाली

नेपालको संवैधानिक विकास क्रम वि.सं. २००४ सालदेखि प्रारम्भ भए पनि २००७ सालको परिवर्तन हुँदै २०४६ को जनआन्दोलनपछि निर्मित नेपाल अधिराज्यको संविधान २०४७ लाई पनि प्रतिस्थापित गरी २०६२/६३ सालमा सम्पन्न जन-आन्दोलनको परिणामस्वरूप नेपालको अन्तरिम संविधान २०६३ निर्माण भएको हो । संवैधानिक विकास क्रममा अन्तरिम संविधानको महत्व भने युगान्तकारी रहन सक्छ । आधुनिक नेपाल निर्माण गर्ने दिशामा नयाँ राजनीतिक संरचना र संस्कृतिको विकासको आधारभूमि तयार गर्न सम्पूर्ण अवसरको रूपमा यस अन्तरिम संविधानलाई लिन सकिन्छ । तर अन्तरिम संविधान लागू भएको बर्षदिनमा नै पटक पटक संविधान संशोधन गरिनुले नेतृत्वतहको अदूरदर्शिता र अपरिपक्वता छर्लङ्गै देख्न सकिन्छ । जसले देशको संक्रमणकालीन समयलाई जटिल बनाउँदै लगेको छ । जन-आन्दोलन २०६२/६३ को प्रमुख उद्देश्य संविधानसभाको निर्वाचनमार्फत् देशमा नयाँ संविधानको निर्माण गरी दिगो शान्ति, स्थायित्व, अग्रगमन, दिगो विकास र कानुनी राज्यको प्रत्याभूति जनतामा दिलाउनु थियो तर राजनीतिक पार्टीहरूमा देखिएको अत्यन्तै व्यक्तिगत र दलीय स्वार्थले अभिप्रेरित हुनु र देखिनु देशको यस चुनौतीपूर्ण अवस्थामा भने गैर-जिम्मेवारीपनाको व्यवहार देखाँउछ ।

संविधानसभाको निर्वाचन र त्यसले प्रत्याभूति गर्नुपर्ने समावेशीकरणको विषय पनि अहिले ज्वलन्तरूपमा उठान भएको छ र त्यस्तै पूर्णसमानुपातिक एवं मिश्रित संघीय प्रणाली लगायतका विषयहरूमा अहिले व्यापक छलफल भइरहेको छ । भने अर्कोतिर संविधानसभाको निर्वाचनको मिति पटक पटक सारिनु र निर्वाचन हुन नसक्नुले देश अनिश्चिततातर्फ गइरहेको भान हुँदैछ । सबै दलहरूको मुखबाट जनता, जनताको लागि भन्ने शब्द प्रत्येक पटक बोलेको सुनिन्छ भने जनताले दिएको म्यान्डेट संविधानसभाको विषयलाई ओझेलमा पारेर दलगत स्वार्थपूर्तिको लागि राजदूत नियुक्ति, सचिव नियुक्ति र विश्वविद्यालयहरूका पदाधिकारी नियुक्तिको भागवण्डामा अल्झिएको छ । देशमा बढेको अशान्ति र असुरक्षाको जिम्मेवारी लिने निकाय नै नभएको भान प्रष्टरूपमा देखापरेको छ । राष्ट्र समस्याग्रस्त भएर निकास निस्कन नसकेको अवस्थामा राजनीतिक ध्रुवीकरण र अवसरवादी सोचबाट ग्रस्त छन् राजनीतिक पार्टीहरू । यसले जनतामा थप नैराश्यता बढाएको छ । एकातिर संविधानसभाको निर्वाचन हुन नसक्नु अर्कोतिर संविधानसभाको निर्वाचन प्रक्रियामा पनि विवाद देखिनु र निर्वाचन प्रणालीको बारेमा निर्णय नहुनुले राजनीतिक पार्टीको राष्ट्रिय स्वार्थभन्दा दलीय स्वार्थ स्पष्टरूपमा देखिएको छ । १० बर्षसम्मको सशस्त्र द्वन्द्वरत पक्ष माओवादीलाई प्रजातान्त्रिक प्रक्रियामा ल्याउनु राम्रो र स्वागतयोग्य कदम हो तर माओवादी पार्टीको व्यवहार र प्रजातान्त्रप्रतिको आस्था र विश्वासप्रति भने प्रशस्त शंका गर्ने संकेतहरू विभिन्न गतिविधिहरूबाट देखापर्न थालेका छन् ।

संविधान सभा निर्वाचनको मिति तोकेर राज्यले राज्यकोषबाट गरेको अरबौं रूपैंयाको जिम्मेवारी कसले लिने ? संविधान सभाको निर्वाचन गराउन भनी बनेको अन्तरिम संसद्मा प्रत्येक महिनामा हुने रूपैंयाको लगानीको अर्थ के रह्यो र ? नेपाली जनताको रगत र पसीनाबाट जम्मा भएको पैसा यसरी प्रयोग हुनु र त्यसको ठोस उपलव्धी नदेखिनु कतिसम्म उचित मान्न सकिन्छ र यस्तो संसद्लाई कहिलेसम्म निरन्तरता दिने भन्ने विषयमा अब तुरून्त जनताका माझ लैजानु पर्छ र छलफलको विषय बनाइनु पर्दछ ।

राष्ट्रको यस संक्रमणकालीन अवस्थामा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जन-आन्दोलनको भावना अनुरूप तत्काल संविधानसभाको मिति तोकी संविधान सभाको निर्वाचनमा लाग्न सरकार तथा सम्पूर्ण राजनीतिक पार्टी, नागरिक समाज लगायत सम्बन्धित सबैमा जोडदार अपिल गर्दछ ।

राष्ट्र पुनर्संरचनाको विषयमा राष्ट्रले निश्चित निर्णय गर्न नसकेको अवस्थामा विभिन्न अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था तथा अर्न्तराष्ट्रिय शक्तिहरूले अस्थिरता बढाउने र विभिन्न बहानामा निर्णयप्रक्रियामा अवरोध पुऱ्याइरहेको अवस्था प्रष्ट देखिन थालेको छ । यस सन्दर्भमा पनि संक्रमणकाल लम्बिदै गयो भने देशमा घटनाहरूको श्रृङ्खला बढ्दै जान सक्छ र देश गृहयुद्धतिर जानसक्छ । तसर्थ पनि चुनाव सकेजति चाँडो निष्पक्षरूपमा गराइनुपर्छ । पक्कै पनि हिजोका दिनमा क्षेत्रगत, जातिगत, भाषागत, सांस्कृतिक, सामाजिक, राजनीतिक एवं आर्थिकरूपमा केही वर्ग पछि परेका हुन् । यसको जड तत्व नै राजनीतिक अपरिपक्वता, राजा र हामी सबै नेपाली नै हौँ । पढेलेखेकाले नेताले आफ्ने समाज र राष्ट्रको भन्दा नितान्त आफ्नो व्यक्तिगत जीवनको बारेमो सोँचे । जनताको नाम बेचेर आफ्नो निजी एवं पार्टीगत स्वार्थपूर्तिमात्र गरे । अशिक्षा र गरीबिबाट ग्रस्त अवस्थामा केही वर्ग, व्यक्ति, समूह र संस्थाले छुट्टै राज्यको माग गर्ने, भाषागत, जातीगत, क्षेत्रीयता जस्ता आधारमा राज्य बनाइनुपर्ने माग राख्ने, संघीय प्रणालीको माग राख्ने काम कत्तिको तर्कसंगत छ भन्ने कुरामा व्यापक छलफल एवं बहस चलाइनु पर्दछ । आफूलाई जनताको प्रतिनिधि हौँ भन्नेहरूले व्यापक छलफल मार्फत् ल्याउनु मात्र उत्तम छ । यस सर्न्दभमा व्यापक छलफल विना एकतर्फीरूपमा ल्याइएको संघीय प्रणालीको संसदीय अनुमोदनप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सम्पूर्ण विद्वत्वर्ग, पत्रकार एवं नागरिक समाज र समग्र राष्ट्र संचालकहरूको ध्यानाकर्षण गरउन चाहन्छ । साथै देशव्यापीरूपमा यसबारे अझै व्यापक छलफल एवं बहस गरी निर्णय गरिनुपर्दछ । भन्ने माग राख्दछ । राज्यको पुनर्संरचना जनसंख्या, विकास र भौगोलिक आधारमा गर्दा तर्क संगत हुन सक्छ । यस अर्थमा राज्यलाई नौ राज्यमा मात्र होइन पाँच विकास क्षेत्रलाई उपर्युक्त तथ्यका आधारमा पुनर्संरचना गर्दा संख्या कति पनि हुनसक्छ । अन्य कुनै पनि सर्तमा राज्यलाई भाषा, जाति र क्षेत्रीयताका आधारमा विभाजन गर्नुहुँदैन । यसले देशलाई विखण्डनको बाटोतिर डोऱ्याउँदै लैजान्छ ।

कुनै पनि राज्य संचालन प्रणाली आँफैमा नराम्रो हुँदैन तर उक्त शासन प्रणाली, त्यसलाई ग्रहण गर्ने जनता र कार्यान्वियन गराउने राष्ट्रका शक्तिकेन्द्रहरूमा निहित हुन्छ । त्यसैले पहिले संरचना गरिएका विकेन्द्रीकरण, क्षेत्रीय विकास अवधारणा आदि कत्तिको सफल भए, भएनन् भने किन भएनन्, पहिलेको राष्ट्र सञ्चालन प्रणाली र अहिले सोचिएको प्रणालीमा के भेद छ ? कत्तिको सान्दर्भिक छ ? देशले अर्थिक, सामाजिक, सांस्कृतिक एवं सुरक्षाका दृष्टिले उक्त प्रणाली थेग्न सक्छ सक्दैन ? सरकारी निकायबत्राट राज्यको शक्ति विकेन्द्रीकरण गर्न दिइएका सुझावहरू कत्तिको कार्यान्वियन भए ? जस्ता कुराहरूमा व्यापक छलफल गर्नु नितान्त आवश्यक छ ।

नेपालजस्तो जलश्रोत, प्राकृतिक साधन र स्रोतले सम्मन्न देशमा कसको आँखा गाडिएको हुँदैन र ? चीन र भारत जस्ता महाशक्ति राष्ट्रको बीचमा रहेको नेपालले भौगोलिक, सामाजिक, आर्थिक र भूराजनीतिक अवस्थाको विश्लेषण गरेरमात्र पाइला अगाडि बढाउँदा राष्ट्रले सही मार्ग लिन सक्छ भन्ने विचारतर्फ यो केन्द्रीय कार्यकारिणी समिति बैठक सरकारलाई सचेत गराउन चाहन्छ ।

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकले जाति तथा भाषाका आधारमा छुट्टै राज्य बनाइनुपर्छ भन्ने मान्यताको घोर विरोध गर्दछ । नेपालमा संघीय प्रणालीको अवधारणा आउनुको मूल आधार असमावेशीकरणको मुद्दा हो भन्ने प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक ठहर गर्दछ । तसर्थ यदि संघीय प्रणालीमार्फत दलित, आदिवासी, जनजाति, महिला एवं अन्य पिछडिएका वर्ग एवं क्षेत्रहरूको विकासमा सहभागिता रहन्छ र जीवनस्तरमा सुधार आउँछ भने संघीय प्रणालीको अनुशरण गर्नुपर्छ भन्ने कुरामा यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ । तर माथि भनिए जस्तै उक्त प्रणाली सबै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भौगोलिक रूपमा सम्पूर्ण नेपाली र नेपालको हित गर्ने एवं छिमेकी राष्ट्रहरूसंगको सम्बन्धलाई बलियो बनाइराख्ने खालको हुनुपर्दछ ।